Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

DOI: https://doi.org/10.3126/spandan.v13i1.75511

# नेपाली भाषा शिक्षणका समस्या र समाधानका उपाय

**डा. केशव भुसाल**
**नेपाली शिक्षा विभाग**
**शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि**
*keshabbhusal.tu@gmail.com*

## लेखसार

*भाषा मानवीय एवम् सामाजिक वस्तु हो । भाषाका माध्यमबाट परस्परमा विचार वा भावनाहरूको साटासाट गरिन्छ । यसलाई सामाजिक सञ्चारको प्रणालीका रूपमा समेत चर्चा गरिएको पाइन्छ । भाषा शिक्षण सम्बन्धित भाषाको सिप विकाससम्बद्ध कार्य हो । भाषा शिक्षणले कुनै पनि व्यक्तिलाई सम्बन्धित भाषामा कुशल एवम् प्रखर बनाउँदछ । भाषा शिक्षणका क्रममा विभिन्न किसिमका समस्याहरू देखा पर्न सक्दछन् । त्यस्ता समस्याहरू विद्याथी, शिक्षक, समाज आदिसँग प्रत्यक्ष वा परोक्ष रूपमा जोडिएका हुन्छन् । जसबाट अपेक्षित सिकाइ शिक्षणमा नकरात्मक प्रभाव पर्दछ । भाषा शिक्षणलाई उद्देश्यमूलक, व्यावहारिक तथा प्रभावकारी बनाउनका लागि सबैखाले समस्याको समाधान आवश्यक हुन्छ । यसका लागि शिक्षक, विद्यार्थी, समाजका साथै सम्बन्घित सबै पक्ष सचेत एवम् क्रियाशील बन्नु पर्दछ । प्रस्तुत लेखमा भाषा शिक्षणका क्षेत्रमा देखापरेका समस्या र तिनको समाधानका उपायको बारेमा चर्चा गरिएको छ । यस लेखले भाषाशिक्षणलाई विषयका रूपमा अध्यापन गराइरहेका शिक्षक, अध्ययनरत विद्यार्थी तथा यस क्षेत्रमा रुचि राख्ने जोकोहीका लागि आवश्यकीय ज्ञान ग्रहण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दावली :** *भाषा शिक्षण, मातृभाषा, दोस्रो भाषा, भाषिक सिप शिक्षणका समस्या ।*

## अध्ययनको पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु हो । मानवीय विचार, भावना र अनुभवहरूको आदानप्रदान गर्ने अर्थात् मानवीय भावनाहरूको अभिव्यक्ति तथा विचार प्रकटीकरण गर्ने माध्यम नै भाषा हो । भाषा मानिसको सिर्जनशील र स्मरणीय दिमागबाट सिर्जना हुन्छ । भाषाले मान्छेको दृष्टिकोण, रुचि,

क्षमता, मूल्य र मान्यताहरूलाई आकार दिन्छ । मानिसको उमेर र सामाजिक सम्पर्कको विस्तारको फलस्वरूप मानिसमा भाषिक विकास हुँदै जाने भएकाले भाषालाई मानवीय एवम् सामाजिक व्यवहारको रूपमा लिने गरिन्छ । कुनै पनि व्यक्तिले भाषाको आर्जन समाजबाट गर्दछ र सामाजिक सम्पर्क स्थापित गर्न तथा ज्ञानको वृद्धि गर्न यसको उपयोग पनि समाजमा नै गर्दछ । भाषाको स्रष्टा पनि मान्छे नै हो र त्यसको प्रयोक्ता पनि मान्छे नै हो । मान्छेले अनौपचारिक रूपमा भाषाको आर्जन घरपरिवार, छिमेक र समाजबाट अनियन्त्रित र स्वच्छन्द वातावरणमा गर्दछ भने औपचारिक रूपमा विद्यालय तथा संस्थाबाट योजनाबद्ध रूपमा गर्दछ ।

भाषा सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित विषय हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई भाषाका महत्वपूर्ण चार सिप मानिन्छ । यस दृष्टिले भाषा सिपमूलक विषय हो । यस्तो सिप प्रशस्त भाषिक अभ्यासबाट मात्र हासिल गर्न सकिन्छ । भाषसम्बद्ध यी चार सिप (सु.बो.प.ले) को शिक्षणलाई भाषाशिक्षण भनिन्छ । भाषाशिक्षण सिकारुका भाषिक व्यवहारलाई अपेक्षानुकूल बनाउन गरिन्छ, गर्नुपर्दछ । सिकारुको बोधक्षमतालाई सुनाइ र पढाइद्वारा र अभिव्यक्ति क्षमतालाई बोलाइ र लेखाइद्वारा उजागर गर्न भाषाशिक्षणको आवश्यकता पर्दछ । यसबाट विद्यार्थीको भाषिक क्षमताको विकास हुन्छ । यसले विद्यार्थीलाई सम्बन्धित भाषामा प्रखरसमेत बनाउँदछ ।

भाषा शिक्षणमा भाषाका विभिन्न विषयवस्तुको शिक्षण गरिन्छ । उच्चारण, बोध, व्याकरण, शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षणका लागि विषयवस्तुको मुख्य भूमिका रहन्छ तथापि भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर विषयवस्तुमार्फत् भाषिक कुशलताहरूको शिक्षण हो ।

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य नेपाली भाषा शिक्षणमा देखा परेका समस्या पहिचान गर्नु र तिनको समाधानबारे चर्चा गर्नु रहेको छ ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययन मूलतः गुणात्मक अध्ययनमा आधारित रहेको छ । यस अध्ययनमा सोद्देश्यमूलक तरिकाले आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीका आधारमा नेपाली भाषा शिक्षणका क्षेत्रमा देखा परेका समस्या र तिनको समाधानका लागि गर्नुपर्ने कार्यहरू प्रस्तुत गरिएको छ ।

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

**व्याख्या विश्लेषण**

प्रस्तुत अध्ययनमा प्राप्त तथ्यलाई नेपाली भाषा शिक्षँणका समस्याहरू र समाधानका उपायहरू गरी दुई उपशीर्षकमा विभक्त गरी निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ।

**नेपाली भाषा शिक्षणका समस्याहरू**

शिक्षण कार्य एक जटिल, कठिन र चुनौतीपूर्ण कार्य हो। त्यसमा पनि भाषाशिक्षणलाई अझ बढी दुरुह र दुष्कर कार्य मानिन्छ। भाषाशिक्षण विभिन्न विधि र तौरतरिकाहरूको उपयोगद्वारा गर्ने गरिन्छ। विभिन्न विधि एवम् तौरतरिकाको प्रयोगबाट शिक्षणमा केही सरलता महसुस गर्न सकिन्छ अपितु यतिले मात्र शिक्षणका सबै समस्याहरू हल भएका हुँदैनन्। भाषा शिक्षणका क्रममा देखापर्ने बहुविध प्रकृतिका समस्याहरूलाई भाषा शिक्षणका समस्या भनिन्छ। नेपाली भाषाशिक्षणका क्रममा पनि अनेकन् समस्याहरू देखिएका छन्। जसलाई निम्नानुसार चर्चा गरिएको छ :

**(क) स्तरीय नेपाली सिकाउने समस्या**

नेपालका विभिन्न भू-भागमा विभिन्न ढङ्गले नेपाली भाषा बोलिन्छ। यसैले नेपाली भाषा शिक्षणमा संलग्न हुने विद्यार्थीहरूको भाषिक पृष्ठभूमि एकै किसिमको पाइँदैन। नेपाली भाषा मातृभाषा भएका र नभएका विद्याथीहरू कक्षामा सहभागी हुन्छन्। त्यस्तै एउटै भाषा नेपाली पनि सबै क्षेत्रमा एकैनासले बोलिँदैन। सांस्कृतिक प्रभाव, भौगोलिक विविधता जस्ता कारणले गर्दा एउटै भाषामा पनि थुप्रै भेदहरू हुन्छन्। यस्ता विविध भेदलाई ठम्याएर स्तरीय नेपाली शिक्षण गर्नु एउटा समस्याकै रूपमा रहेको छ। विविध भाषी विद्यार्थीका कारणले गर्दा नेपाली भाषाको व्याकरण सिकाइमा पनि समस्या देखापर्दछ। भाषा सिकाइका क्रममा देखापर्ने यस्ता समस्याहरूलाई शब्दकोशीय सहायताले समाधान गर्दै लग्नुपर्दछ।

**(ख) पाठ्यक्रम र पाठ्यपुस्तकबिचको समस्या**

पाठ्यपुस्तक सिकाइ शिक्षणको मेरुदण्ड हो। पाठ्यक्रमलाई आधार बनाएर पाठ्यपुस्तक लेखिन्छन्। शिक्षण पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्नेतर्फ क्रियाशील हुनुपर्दछ। पाठ्यक्रमले के उद्देश्य राखेको छ ? पाठ्यपुस्तकबाट ती उद्देश्यहरू कसरी पूरा हुन सक्छन् ? भन्ने बारे शिक्षक जानकार हुनु जरुरी छ। नेपालका अधिकांश विद्यालयहरूमा पाठ्यक्रम नपुग्नुले पनि शिक्षकरु पाठ्यक्रमबारे प्रष्ट छैनन्। त्यस्तै कतिपय पाठ्यपुस्तक पाठ्यक्रमको मर्म विपरीत लेखिएका पनि भेटिन्छन्। यसरी लेखिएका पाठ्यपुस्तकमा शिक्षा र पाठ्यक्रमका उद्देश्य पूरा हुने गरी विषयवस्तु

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

राखिएका हुँदैनन् । त्यसैले पाठ्यक्रम र पाठ्यपुस्तक बिचको सामञ्जस्यगत समस्या नेपाली भाषा शिक्षणको अर्को समस्या बनेको छ ।

**(ग) दक्ष शिक्षकको कमी**

शिक्षण कार्य एक किसिमको कला हो । दक्ष शिक्षकले कुनै पनि विषयवस्तुलाई व्यक्तिगत कलाद्वारा रोचक र चाखलाग्दो गरी प्रस्तुत गर्न सक्दछ । विभिन्न विधि र तौरतरिका अपनाएर गरिने शिक्षणले सिकाइलाई उपलब्धिमूलक बनाउँछ । नेपाली भाषा जोसुकैले पनि पढाउन सक्छ भन्ने परम्परागत मान्यता र परम्परागत निगमन विधिको माध्यमबाट बोझिलो तवरले शिक्षण गर्ने चलन रहेकाले पनि शिक्षणमा सुधार आउन सकेको छैन । घोक्न लगाउने, कण्ठ गर्न लगाउने, विद्यार्थी रुचि विपरीत शिक्षण गर्ने जस्ता कार्यकलापलाई निरुत्साहित गरी विद्यार्थी केन्द्रित विधिबाट विद्यार्थीकै सक्रियतामा सिकाइलाई अगाडि बढाउन दक्ष शिक्षकको आवश्यकता पर्दछ । शिक्षकलाई दक्ष बनाउने कार्य नेपाली परिवेशमा एउटा समस्याको रूपमा रहिआएको छ ।

**(घ) शैक्षिक सामग्रीको प्रयोगसँग सम्बन्धित समस्या**

सिकाइ शिक्षणलाई प्रभावकारी बनाउनका लागि उपयोगमा ल्याइने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । भाषा शिक्षणका क्रममा कतिपय विषयवस्तुहरूलाई वर्णन तथा व्याख्या गरेर मात्र बुझाउन सकिँदैन । यसका लागि विभिन्न शैक्षिक सामग्रीको उपयोग गर्नु पर्ने हुन्छ । भनिन्छ सुनेको भन्दा देखेको कुरा बढी स्मरणीय हुन्छ तर भाषा शिक्षणका क्रममा प्रायः अधिकांश शिक्षकहरूले सहजै उपलब्ध हुन सक्ने खालका सामग्रीहरू पनि प्रयोगमा ल्याएका हुँदैनन् । शैक्षिक सामग्रीको प्रयोगविना गरिने शिक्षणमा विद्यार्थीको ध्यान केन्द्रित भएको हुँदैन । यसैले शैक्षिक सामग्रीको प्रयोग नहुनुलाई भाषा शिक्षणको मुख्य समस्या मानिएको छ ।

**(ङ) दोस्रो भाषाका रूपमा नेपाली सिकाउने समस्या**

व्यक्तिले पहिलो भाषा आफ्नै आमाको कोखबाट सिकेको हुन्छ , जसलाई मातृभाषा भनिन्छ । मातृभाषाकै सहायताबाट जब व्यक्तिले अर्को भाषा सिक्दछ त्यसलाई दोस्रो भाषा भनिन्छ । नेपाल विविध भाषाभाषीको साझा फूलवारी भएकाले कक्षाकोठामा विभिन्न भाषा जानेका विद्यार्थीहरूको उपस्थिति हुन्छ । नेपाली भाषा मातृभाषा भएकाहरूले नेपाली भाषामै शिक्षण हुँदा जति छिटो बुझ्न सक्छन् नेपाली भाषा मातृभाषा नभएकाहरूले त्यति छिटो बुझ्न सक्दैनन् । किनभने उनीहरूले नेपाली भाषामा व्यक्त कुरालाई आफ्नो भाषासँग जोडेर बुझ्नुपर्ने हुन्छ । यदि कक्षाकोठामा अधिकांश विद्यार्थी

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

नेपाली मातृभाषी छन् र अल्पसङ्ख्यक विद्यार्थीहरू अन्य भाषी छन् भने अल्पसङ्ख्यक विद्यार्थीलाई सिकाउन कठिनाइ महसुस हुन्छ । त्यस्तै कक्षाकोठामा बहुसङ्ख्यक विद्यार्थी नेपाली भाषेतर मातृभाषी भएमा पनि शिक्षकलाई नेपाली भाषा शिक्षण गर्दा चुनौती देखा पर्दछ ।

**(च) शिक्षक अद्यावधिकसँग सम्बन्धित समस्या**

नेपाली भाषाशिक्षणसँग सम्बन्धित अर्को समस्या भनेको शिक्षक अद्यावधिकसँग सम्बन्धित समस्या हो । नेपाली विषय अध्यापनरत शिक्षकहरूमध्ये अधिकांश शिक्षकहरूमा यस किसिमको समस्या देख्न सकिन्छ । ज्ञानविज्ञानका क्षेत्रमा तीव्रतर रूपमा भइरहेको विकास र त्यसबाट प्रतिपादित ज्ञान तथा सिद्धान्तबारे यथोचित जानकारी भएमा मात्र शिक्षकले समकालीन विषयवस्तुका बारेमा विद्यार्थीलाई जनकारी दिन र समयानुकूल शिक्षण गर्न सक्छन् । यसो नभएमा कक्षा शिक्षणमा उपयुक्त ज्ञानको प्रवाह नहुने समस्या देखिन सक्छ । नेपाली भाषा शिक्षणका सन्दर्भमा पनि समयानुकूल विकास भइरहेका नवप्रवर्तन, शिक्षण विधि तथा व्याकरणिक विषयवस्तुको शिक्षण तौरतरिका आदिमा परि परिवर्तन तथा परिमार्जन हुँदै गएको देखिन्छ । यसमा नेपाली भाषा शिक्षकहरूले जानकारी नराख्दा शिक्षण कार्य प्रभावकारी बन्न सकेको देखिँदैन । त्यसैले शिक्षक अद्यावधिकसम्बद्ध समस्यालाई पनि नेपाली भाषाशिक्षणको समस्या मान्न सकिन्छ ।

उपर्युक्त समस्याहरूका अतिरिक्त कक्षाकोठामा विद्यार्थी सङ्ख्या बढी हुनु, पाठ्यपुस्तक समयमै उपलब्ध हुन नसक्नु, मूल्याङ्कन परिपाटी सैद्धान्तिक प्रकृतिको हुनु जस्ता विभिन्न कारणले गर्दा पनि नेपाली भाषाशिक्षणमा समस्या पैदा भएका देखिन्छ ।

**नेपाली भाषाशिक्षणका समस्या समाधानका उपायहरू**

भाषाशिक्षण चुनौतीपूर्ण विषय भए पनि यसमा देखापर्ने विभिन्न समस्याहरूलाई विभिन्न तरिकाले न्यूनीकरण तथा निराकरण गर्न सकिन्छ । भाषा शिक्षक, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री प्रयोग, विद्यार्थीको भाषिक पृष्ठभूमि आदिसँग सम्बन्धित समस्याहरू समाधानका लागि निम्नानुसारका उपायहरू अवलम्बन गर्न सकिन्छ :

**(क) नेपाली भाषाको स्तरीय सिकाइ र प्रयोगमा जोड दिनुपर्ने**

विद्यार्थीलाई स्तरीय नेपाली भाषा सिकाउन वर्तमानमा प्रयोगमा ल्याइएका पाठ्यपुस्तक, आधिकारिक/मानक व्याकरण तथा लेख्य नेपाली रूपको प्रयोगको आधारबाट सिकाउनु पर्दछ । नेपाली

भाषाको भाषिक भेद वा अन्य मातृभाषा बोल्ने विद्यार्थीहरूलाई स्तरीय नेपाली भाषाको प्रयोग गर्ने सहज वातावरण तयार पारेर, विद्यार्थीहरूलाई अभ्यास गराउँदै शिष्ट र स्तरीय नेपाली भाषाको प्रयोग गरेर, मानक व्याकरण र कोशको अनुसरण गर्न लगाएर, नेपाली भाषा साहित्य तथा कलाका लेख, रचनाहरू अध्ययन गर्ने र तिनको सिको गर्ने बानी बसालेर, कक्षाकोठा बाहिर र घर व्यवहारमा समेत स्तरीय नेपाली भाषाको प्रयोग गर्न लगाएर, विद्यालयमा नेपाली भाषाका पर्याप्त पूरक सामग्रीहरू उपलब्ध गराएर तथा विद्यार्थीले सबै कुरा शिक्षकबाट नै सिक्ने हुनाले नेपाली भाषा विषय पढाउने शिक्षकले सचेतता पूर्वक शिष्ट र स्तरीय नेपाली भाषाको प्रयोग गरेर नेपाली भाषा शिक्षणमा देखिएको स्तरीय नेपाली सिकाउने समस्या समाधान गर्न सकिन्छ ।

**(ख) पाठ्यक्रम र पाठ्यपुस्तकबिच सन्तुलन मिलाउनुपर्ने**

पाठ्यक्रम र पाठ्यपुस्तकबिचको समस्यलाई समाधान गर्न पाठ्यक्रम र पाठ्यपुस्तकबिच सन्तुलन मिलाउनु पर्दछ । यसका लागि पाठ्यक्रम निर्माण गर्न अनुभवी दक्ष शिक्षक, भाषाविद्, पाठ्यक्रमविद्, प्राध्यापक तथा सम्बद्ध क्षेत्रका प्राविधिकहरूको सहभागितामा पाठ्यक्रम निर्माणका सिद्धान्त र प्रक्रियाको आधारमा गरिनुपर्दछ । त्यसपछि पाठ्यक्रमले तोकेको उद्देश्य, विधाको क्षेत्र र क्रमअनुसार पाठ्यपुस्तक लेखिनुपर्दछ । पाठ्यक्रम कक्षाको स्तर, विद्यार्थीको रुचि, क्षमता, आवश्यकता आदिलाई ध्यानमा राखेर निर्माण गरेमा र सोही अनुसार पाठ्यपुस्तक निर्माण गरेमा पाठ्यक्रम र पाठ्यपुस्तकसँग सम्बन्धित समस्या समाधान गर्न सकिन्छ ।

**(ग) दक्ष तथा तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने**

दक्ष तथा तालिमप्राप्त शिक्षकको अभावमा भाषा पाठ्यक्रम र पाठ्यपुस्तक जतिसुकै स्तरीय र सन्तुलित भए पनि भाषाशिक्षण प्रभावकारी बन्न सक्दैन । त्यसैले नेपाली भाषा शिक्षक कक्षा र तहअनुसार तालिम प्राप्त र योग्य हुनुपर्दछ । भाषा शिक्षकले नेपाली भाषाबाहेकका अन्य मातृभाषी विद्यार्थीहरूका समस्या पहिचान गरी शिक्षण गर्नुपर्दछ । भाषाका ध्वनि, वर्ण, वाक्यगठन, शब्दभण्डार जस्ता सबै कुरामा विद्यार्थीलाई अभ्यस्त गराउँदै लैजानुपर्दछ । तालिम प्राप्त शिक्षकले आफूले तालिममा प्राप्त गरेको ज्ञान र सिपहरूलाई कक्षा कोठामा पूर्ण रूपमा प्रयोग गर्नुपर्दछ । भाषाशिक्षणका सिलसिलामा व्यक्तिगत भिन्नतालाई ध्यानमा राखेर वैज्ञानिक प्रक्रिया अनुरूप शिक्षण गरिनु पर्दछ । यस्तो कार्य दक्ष एवम् तालिमप्राप्त शिक्षकबाट मात्र संभव हुन्छ ।

**(घ) शिक्षण विधिमा विविधता र सामग्री प्रयोगमा व्यापकता ल्याउनुपर्ने**

नेपाली भाषा शिक्षणका लागि तोकिएको विधि र सामग्री पूर्ण रूपमा प्रयोगमा ल्याउन सके मात्र नेपाली भाषा शिक्षणमा देखिएका समस्या समाधान गर्न सकिन्छ। विद्यार्थी केन्द्रित छलफल विधि, भाषिक खेल विधि, प्रश्नोत्तर विधि, अभिनय विधि, खोज, प्रयोग, अभ्यास, परियोजना, प्रतिस्पर्धा आदि विधि उपयुक्त र प्रभावकारी ढङ्गले प्रयोग ल्याउनु पर्दछ। त्यसैगरी भाषाशिक्षणमा भाषालाई परिष्कृत, सजीव बनाउन र मूर्त वस्तुसँग दाँजेर त्यसको धारणा निर्माण गर्नका लागि शैक्षिक सामग्रीको प्रयोग अनिवार्य गर्नुपर्दछ। श्रव्य, दृश्य, श्रव्यदृश्य सामग्री तथा पाठ्यसामग्रीहरूलाई भाषाशिक्षणको क्रममा प्रयोगमा ल्याउनुपर्दछ। शब्द, रेखाचित्र, रेडियो, चित्र, पोस्टर, फ्लाटिन बोर्ड, टेप रेकर्डर आदि सामग्रीलाई प्रयोग गर्नाले विषयवस्तुलाई बढी प्रभावकारी बनाई शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन र समस्याहरू हटाउन मद्दत मिल्दछ।

**(ङ) भाषिकारहित भाषा प्रयोगमा जोड दिनुपर्ने**

नेपाली भाषा शिक्षणका क्रममा देखिएको समस्या समाधान गर्नका लागि विद्यार्थीलाई कक्षाभित्र र बाहिर, घर परिवार तथा समाजमा भाषिकारहित स्तरीय भाषा प्रयोगमा क्रियाशील बनाउनुपर्दछ। नेपाली दोस्रो भाषी विद्यार्थीले गर्ने त्रुटि प्रारम्भिक कक्षाहरूमा नै निराकरण गरिसक्नुपर्दछ। यसो नभएमा भाषाको प्रयोग बानीका रूपमा विकसित हुने हुनाले पछि गएर त्यस्ता त्रुटिहरूलाई हटाउन गाह्रो पर्दछ। स्तरीय नेपाली भाषाका दृष्टिले हुने उच्चारण, वाक्यगठन, शब्दभण्डार, लिखित रचना, हिज्जे वा वर्णविन्यास आदिमा हुने विभिन्न किसिमका त्रुटिहरूलाई शिक्षकले समयमै पहिचान गरी तिनलाई समयमै हटाउने उपाय अवलम्बन गर्नु पर्दछ।

**(च) भाषा शिक्षणप्रतिको परम्परागत संकुचित धारणामा परिवर्तन ल्याउनुपर्ने**

नेपाली समाजमा नेपाली भाषाशिक्षण जस्तो गहन र महत्त्वपूर्ण विषयलाई उपेक्षा गरी सङ्कुचित दृष्टिले हेरिन्छ। नेपाली भाषा शिक्षणप्रतिको यस्तो सङ्कुचित दृष्टिकोणलाई निरुत्साहित गर्नुपर्दछ। नेपाली विषय सजिलो विषय हो, यो जुन शिक्षकले पढाए पनि हुन्छ, नेपाली विषयमा योग्यता, दक्षता हासिल गरेको शिक्षक आवश्यक पर्दैन भन्ने पुरानो र गलत सोचलाई हटाउनुपर्दछ। नेपाली विषयलाई हल्का रूपले लिने परम्परावादी सोच र मान्यतालाई निर्मूल पार्न सम्बन्धित क्षेत्रका

विद्वान् वर्ग, प्रशासक, प्र.अ. आदि सचेत हुनुपर्दछ । यसो भएमा नेपाली भाषा शिक्षणका कतिपय समस्याहरूलाई कम गर्न सकिन्छ ।

**(छ) समयानुकूल शिक्षक अद्यावधिक हुनुपर्ने**

नेपाली भाषा शिक्षणमा संलग्न सबै शिक्षकहरू समयानुकूल अद्यावधिक हुन अत्यावश्यक छ । ज्ञानविज्ञानका क्षेत्रमा देखा परिरहेका नवनव चिन्तन एवम् तौरतरिकाबारे जानकारी राखी त्यसलाई कक्षा शिक्षणमा प्रस्तुत गर्न वा सोहीअनुकूल शिक्षण गर्न आवश्यक देखिएको छ । यसो नहुँदा विद्यार्थीले समयानुकूल ज्ञान प्राप्त नसक्ने अवस्था सिर्जना हुन्छ । जसले विद्यार्थीको क्षमतालाई अगडितिर नभई पछाडितिर धकेल्ने सम्भावना अधिक हुन्छ । यस स्थितिलाई हृदयङ्गम गरी नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले आफूलाई अद्यावधिक तुल्याउन जरुरी रहेको छ ।

**निष्कर्ष**

नेपाली भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । नेपाली भाषा शिक्षणमा साहित्यिक विधाहरूलाई सिप विकासका साधनका रूपमा उपयोग गरिन्छ भने भाषिक सिप विकासलाई साध्यका रूपमा लिइन्छ । नेपाली भाषा शिक्षणका सन्दर्भमा विभिन्न किसिमका समस्याहरू रहेका छन् । जसमध्ये स्तरीय नेपाली सिकाउने समस्या, पाठ्यक्रम र पाठ्यपुस्तकबिचको समस्या, दक्ष शिक्षकको कमी, शैक्षिक सामग्रीको प्रयोगस“ग सम्बन्धित समस्या, दोस्रो भाषाका रूपमा नेपाली सिकाउने समस्या, शिक्षक अद्यावधिकसँग सम्बन्धित समस्यालगायतलाई प्रमुख समस्याका रूपमा लिइन्छ । यस्ता समस्याको समाधानका लागि नेपाली भाषाको स्तरीय सिकाइ र प्रयोगमा जोड दिनुपर्ने, पाठ्यक्रम र पाठ्यपुस्तकबिच सन्तुलन मिलाउनुपर्ने, दक्ष तथा तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने, शिक्षण विधिमा विविधता र सामग्री प्रयोगमा व्यापकता ल्याउनुपर्ने, भाषिकारहित भाषा प्रयोगमा जोड दिनुपर्ने, भाषा शिक्षणप्रतिको परम्परागत संकुचित धारणामा परिवर्तन ल्याउनुपर्ने, समयानुकूल शिक्षक अद्यावधिक हुनुपर्ने देखिन्छ । यसो हुन सकेको खण्डमा नेपाली भाषा शिक्षण प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ ।

**सन्दर्भग्रन्थ सूची**

अधिकारी, हेमाङ्गराज (२०६३), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ र अन्य (२०६९), *आधारभूत शैक्षिक ज्ञान र नेपाली भाषाशिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६३), *परिचयात्मक नेपाली भाषा शिक्षण,* काठमाडौं : एम्.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

दाहाल, द्रोण (२०६२ : २५-३१), *नेपाली भाषा शिक्षण र लेखाइ सिपको विकास,* शिक्षा, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

भुसाल, केशव (२०६५), *नेपाली भाषा शिक्षण,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

रिमाल, डिल्लीराम (२०५७), *नेपाली शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६२), *नेपाली भाषा शिक्षण,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रसाद (२०६२), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

श्रीवास्तव, रवीन्द्रनाथ (१९९२), *भाषा शिक्षण,* नई दिल्ली : वाणी प्रकाशन ।